नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरवार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं

## प्रेस विज्ञप्ति

आगामी शैक्षिक सत्र २०८० को लागि विद्यालय तह कक्षा १ देखि १२ सम्मका पाठ्यपुस्तकहरु शैक्षिकसत्र सुरु हुनु अगावै विद्यार्थीले पाउने सुनिश्चित गर्न मिति २०७९।९।२९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव श्री कृष्णहरी पुस्करको अध्यक्षतामा समन्वय बैठक वस्यो । सो बैठकले पाठ्यपुस्तक छपाई तथा वितरणको वस्तुनिष्ठ कार्ययोजना तयार गरी कार्यान्वयन गर्न जनक शिक्षा सामग्रि केन्द्रलाई निर्देशन दिने तथा कार्ययोजना कार्यान्वयनको अनुगमन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने निर्णय गरेको छ । यसैगरी सो बैठकले पाठ्यपुस्तक निरन्तर छपाईको लागि आवस्यक पर्ने कागजको कमी नहुनेगरी आपुर्तिको भरपर्दो व्यवस्था मिलाउन तथा पाठ्य पुस्तक छपाईको प्रगति विवरण साप्ताहिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा पठाउन समेत निर्देशन दिएको छ।

०७९।९।२९

महादेव पन्थ

प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल